नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०     अंक ४     २०७७ साल साउन ५ गते सोमबार (20 July 2020  Monday)     मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेशी नेताहरु सत्ता र ... ३ पृष्ठमा : महामारीबाट बाहिरिँदै गरेको ... ३ पृष्ठमविश्वभर कोभिड-१९ संक्रमित...

# कोरोना संक्रमणबाट मृत्यु भएका व्यवसायी दासको परिवारका सबै सदस्य संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

तीन दिनअघि कोरोना संक्रमणबाट मृत्यु भएका राजविराजका पुराना एवं प्रतिष्ठित व्यवसायी ७२ वर्षिय रामकृष्ण दासका०रे परिवारका सबै सदस्य संक्रमित भएका छन् ।

यता आइतबार थप १२ जनामा कोरोना पोजेटिभ पुष्टि भएपछि स्थानियवासीमा त्रास फैलिएको छ । अघिल्लो दिन शनिबार एकै दिन २१ जनामा कोरोना पोजेटिभ पुष्टि भएको थियो ।

आइतबार राजविराज नगरपालिकाका ५, छिननमस्ता गाउँपालिकाका ५ तथा हनुमाननगर कंकालिनी नगरपालिकाका एक गरि ११ जनामा कोरोना संक्रमणको पुष्टि भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिए ।

आइतबार कोरोना संक्रमण पुष्टि भएका राजविराजका सबै ५ जना एउटै परिवारका सदस्य हुन् । यसरी संक्रमण पुष्टि भएकाहरु कोराना संक्रमणबाट बिहीबार मृत्यु भएका राजविराज नगरपालिका ६ का प्रतिष्ठित व्यवसायी दास परिवारका सदस्य हुन् ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर परिक्षण प्रयोगशालाबाट प्राप्त परिक्षण रिपोर्टले दास परिवारका ११, ३६ र ६७ वर्षिय महिला तथा १७ र ४५ वर्षिय पुरुषमा कोरोना पोजेटिभ पुष्टि भएको डा. झाले जानकारी दिए ।

मृतक दास परिवारका पाँचै जना सदस्यलाई होम आइसोलेशनमा राखिएको तथा दास परिवारको प्रत्यक्ष सम्पर्कमा रहेका कामदार तथा अन्य निकटका गरि २४ जनाको स्वाब संकलन गरिसकिएको र सोको रिपोर्ट आउन बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए । योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ३ सय ७८ पुगेको छ भने कोरोनाबाट २ सय ३७ जना निको भई घर फर्किएका छन् ।

# प्रधानमन्त्रीको गैरजिम्मेवार अभिव्यक्तिले नेपालीको शिर निहुरियो : विश्व हिन्दु परिषद्

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

विश्व हिन्दु परिषद् नेपाल सप्तरीले प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिबाट सम्पूर्ण हिन्दु धर्मावलम्बीहरुको भावना माथी ठेस पुगेको जनाएको छ ।

परिषद्का जिल्ला अध्यक्ष रामकिसुन साहद्वारा आइतबार जारि विज्ञप्तिमा सो कुरा जनाउँदै प्रधानमन्त्री जस्तो गरिमामय पदमा बसेका व्यक्तिको गैर जिम्मेवारपूर्ण अभिव्यक्तिबाट सम्पूर्ण नेपालीको शिर निहुरिएको उल्लेख छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले अयोध्या नेपालमै रहेको भनी दिएको अभिव्यक्तिप्रति गम्भिर ध्यानाकर्षण भएको जनाउँदै भारतमा अवस्थित अयोध्याय र नेपालमा अवस्थित जनकपुरधामको आफ्नै छुट्टै गौरवपूर्ण इतिहास रहेको भन्दै जनकपुर र अयोध्याय नेपाल र भारतका मात्र नभई विश्वकै सनातन हिन्दु धर्मावलम्बीहरुको

***बाँकी अन्तिम पृष्ठमा***

# कोरोना संक्रमितको शव पानीमा भिज्दै सेनाले गरे व्यवस्थापन



*तस्बिर : सौजन्य भिम दल गण*

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

कोरोना संक्रमणले निधन भएका पुराना एवं प्रतिष्ठित व्यवसायी राजविराज ६ निवासी रामकृष्ण दासको शव नेपाली सेनाको टोलीले आफ्नो गृह जिल्लामा ल्याई व्यवस्थापन गरेको छ ।

वर्षाको समयमा भिज्दै तीन घण्टामा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी ब्यारेजबाट ८ सय मिटर दक्षिण कोशी नदी बगरमा सम्पूर्ण सुरक्षा व्यवस्था मिलाई दासको शव व्यवस्थापन गरिएको नेपाली सेनाको भिम दल गणले जनाएको छ ।

गणका प्रमुख सेनानी गुप्त बहादुर कुँबरका अनुसार सहसेनानी कमल श्रेष्ठ प्रधानको कमान्डमा खटिएको ९ जनाको टोलीले मृतक परिवारका एक जना सदस्य समेतको उपस्थितिमा कोरोनाबाट मृत्यु भएका दासको शव व्यबस्थापन गरेको हो ।

यता बिहीबार राती १० बजेतिर कोरोनाकै कारण उपचारका क्रममा मृत्यु भएका दासको सुरुमा धरानमै शव व्यवस्थापन गर्ने प्रयास गरिएको थियो । तर, मृतक प्रदेश २ का रहेका र शवको व्यवस्थापन सोही प्रदेशमा गर्नु पर्ने भन्दै धरानमा कुरा उठेपछि विवाद नबढोस सोचेर गृह जिल्ला ल्याई हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहको समन्वयमा शुक्रबार राती शव व्यवस्थापन गरिएको गणका प्रमुख सेनानी कुँबरले जानकारी दिए ।

सरकारले संक्रमितको मृत्यु भएपछि जतिसक्दो चाडो शव व्यवस्थापन गर्न जारि गरेको शव व्यवस्थापन निर्देशिका २०७७ अनुसार सम्पूर्ण सुरक्षा व्यवस्था मिलाई शव ब्यवस्थापन गरेको आइतबार एक सूचना मार्फत गणले जनाएको छ ।

मुटु रोगको उपचारका क्रममा धरान पुगेका ७२ वर्षिय दासमा ज्वरो समेत देखिएपछि स्वाब परिक्षण गर्दा कोरोना पोजेटिभ देखिएको छ । रिपोर्ट आएको पाँच घण्टा नबित्दै उनको निधन भएको थियो ।




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# विदेशमा कोरोनाबाट थप १६ नेपालीको निधन

काठमाडौं, ४ साउन (रासस)। विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणका कारण विदेशमा यस साता थप १६ नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली सङ्घ, स्वास्थ्य समितिका अनुसार यस साता कतारमा आठ, युएईमा पाँच र कुवेतमा तीन जनाको निधन भएको हो।

कतारमा निधन भएका आठमध्ये दुई जनाको निधन हुनुअघि कोरोना सङ्क्रमण पुष्टि भएको र बाँकी छ जनाको निधनपछि कोरोना पोजेटिभ देखिएको समितिले जनाएको छ। शनिबार साँझसम्म १४ देशमा १६० नेपालीको कोरोना सङ्क्रमणका कारण निधन भएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो।

सङ्घका अनुसार जम्मा कोराना सङ्क्रमित नेपालीमध्ये ९३ प्रतिशत कोरोना सङ्क्रमणबाट मुक्त भएका छन्। अफ्रिकी मुलुकमा कोरोना भाइरसबाट सङ्क्रमित नेपालीमध्ये सबै मुक्त भएका छन्। साथै मध्यपूर्वका केही देशमा रहेका नेपालीमा भने अझै कोरोना भाइरसको सङ्क्रमण नरोकिएको सङ्घले आइतबार विज्ञप्तिमार्फत जनाएको छ।

हालसम्म विभिन्न देशमा कूल ३० हजार ५७१ सङ्क्रमित नेपालीमध्ये २८ हजार ६८१ जना सङ्क्रमणमुक्त भएको सङ्घको तथ्याङ्क छ।९ यसैगरी भारत, साउदी अरेबिया, युएई र कुवेतमा मात्र यस साता ९५० नेपालीमा कोरोना सङ्क्रमण देखिएको समितिले जनाएको छ।

सरकारी निर्देशनको पालना गरि कोरोना संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेशी नेताहरु सत्ता र कुर्सी मोहको लागि बिर्सेका छन् मधेश आन्दोलनका जनादेश “संविधान संशोधन”



**अमरनाथ मण्डल**

अहिले नेपालको प्रधानमन्त्रीले जे बोले त्यो हुने तथा देशको सर्वोच्च स्थानमा बसेका प्रधानमन्त्री केपी ओलीको बोलीले गर्दा नेपालमा छिमेकी राष्ट्रहरुसँगको सम्बन्ध देखि लिएर अन्य सवालहरुमा देश दिन प्रति दिन संकटको स्थितिमा पुगिरहेका छन्। कोरोना भाइरसको प्रकोपले देशको अर्थतन्त्रको अवस्था तथा कोरोना भाइरस नियन्त्रण लगायत देशमा रहेका सबै जातजाती भाषाभाषीहरु समान अधिकार सवालहरु लिएर चिन्तित नहुनु तथा चिन्तनको प्रयाप्त खाँचो रहेको अवस्थामा महान मधेश आान्दोलनको जनादेश तथा मधेशको अधिकार सुनिश्चितको लागि संविधान संशोधनको सवालहरुमा प्रधानमन्त्री लगायत मधेशवादका अवधारणा बोकेका नेताहरु अहिले पूर्ण रुपमा मौन बसेका छन्। साताको चलखेल सुरु भएको अवस्थामा प्रधानमन्त्रीको राजीना दिनुपर्ने अडान प्रधानमन्त्रीकै पार्टी नेकपाबाट उठिरहेको बेला मधेशी दलका नेताहरु अहिले मौनब्रतमा बसी साताको चलखेलको हिसाब किताब मिलाई आफूहरु सातामा पुग्ने मनसाय बोकी संविधान संशोधन जस्ता सवालहरुलाई विर्सेका छन्। मधेशी नेताहरु।

मधेशमा कोरोना भाइरसको प्रकोप बढिरहेको अवस्था छ। यतातिर बाढीको चपेट खेप्नु परिरहेको छ। उतातिर शासकीय पद्वतीय अनुसार वैवाहिक अंगीकृत नागरिकता जस्ता जटिलताहरु शासक वर्गहरुबाट मधेश माथि लादि रहेका छन्। धार्मिक आस्था तथा मान्य ममतालाई थाँति राखी जे मनमा आयो त्यही प्रधानमन्त्रीले बोलिरहेका छन्। भारत जस्ता छिमेकी राष्ट्रसँग दिन प्रतिदिन सम्बन्ध बिग्रिरहेका छन्। यस्तो अवस्थामा साताको मोहमा परी धृष्टराष्ट्र पद चिन्हमा हिडिरहेका मधेशी नतोहरु प्रतिको जनविश्वास दिन प्रति दिन गुमिरहेको अवस्थाको सिर्जना भईरहेको छ।

विश्वको इतिहासमा विभेदीकरणको संघर्षको लडाईमा ६ महिनासम्म निरन्तर चलिएका महान मधेश आन्दोलनको सन्दर्भमा विश्वलाई आन्दोलनले आश्चर्य चकित बनाएका थिए। वर्षौं वर्ष देखि शोषित र दमनको सिकार बन्दै गईरहेको तथा चरम विभेदीकरणको सिकार भई पीडा भोगिरहेका मधेशका हरेक समुदाय जातजाति विभेदको विरुद्ध सशक्त आन्दोलनको संखनाद गरेका थिए। जुन आन्दोलनमा हजारौं वीर लडाकु आन्दोलनकारीहरुले घाइत हुनुपर्ने सैयौंको संख्यामा मधेशका वीर सपुतहरुले सहादत दिनुपर्‍यो।

राणा शासन काल देखि नै नेपालका आधा भु-भाग र आधा जनसंख्या ओगटेका मधेशी समुदायहरु मधेशमा नेपालको जिवन नै सार्थक परिभाषाको परिभाषित गर्ने कृषि जन्य पदार्थ उत्पादन गरी सम्पूर्ण नेपाललाई अन्यको वितरण गरी नेपाललाई कहिले पनि भोको बस्न दिएन। आर्थिक सामाजिक तथा विकासीय परिवेशमा सधैं अग्रणी भुमिका खेलेका मधेशलाई हेप दृष्टिकोणले अपहेलित र उपेक्षित आँखाले राज्यको शासन चलाउने शासकहरु सधैं देख्दै आएको सन्दर्भमा नेपाल राष्ट्रभक्तिको परिभाषामा अग्रणी स्थान रहेका मधेशी समुदायलाई राज्यको दोश्रो नागरिकको रुपमा शासक वर्गहरुले हेर्ने गर्‍यो। जसको फलस्वरुप विद्रोहको स्थिति सिर्जना भई ३-३ चोटी मधेश आन्दोलनको शंखनाद भई तर मधेश आन्दोलनले उचाई पाइरहेको बेला शासक वर्गहरुले झुक्याएर बारम्बार षड्यन्त्र गरी सम्झौताहरु गर्‍यो। तर त्यो सम्झौता हालसम्म कुनै कार्यान्वयन नभएकोले गर्दा पनि एउटा ठूलो विद्रोहको स्थिति सिर्जना भयो, जसको फलस्वरुप महान मधेश आन्दोलनको जन्म भएको थियो।

नेपाल अमुल्य परिवर्तनको सन्दर्भमा गणतन्त्रको सुरुवात सँगै संघीयता र प्रजातन्त्रको अवधारणाहरु राज्यमा संचालित भइरहेको बेला संविधान सभाबाट संविधानको निर्माणको क्रममा मधेशी जनताहरुलाई संविधानमा पूर्ण अधिकारको सुनिश्चित नगरिएको सवालहरु तथा संविधानमा केही शब्दहरुलाई आधारहरुलाई बुँदाहरुलाई संशोधन र परिमार्जित गर्नुपर्ने अवस्थाको महसुस गरी संविधान संशोधनको सवालहरुलाई अगाडी बढाई ठूलो महान आन्दोलनको सुरुवात गरे। विश्वमा नै ऐतिहासिक लामो समयसम्म अधिकार प्राप्तिको आन्दोलन सुरुवात सँगै शासक वर्गहरुको दमनको चरम सिमा नाघे। जसको फलस्वरुप सम्पूर्ण मधेश आन्दोलनको आन्दोलनहरु उचाईमा पूग्न थाले हजारौ वीर आन्दोलनकारीहरु घाइते भए मधेशका सैयौं सपुतहरु बलिदानी दिए। आन्दोलनकारीहरुमा अहिले पनि अधिकांश आन्दोलनकारीहरुलाई झुठो मुद्दा लगाई जेलमा यातनाको सिकार भोगि रहेका छन् भने कैयौं आन्दोलनकारीहरु माथि मुद्दा हालसम्म चलिरहेका छन्।

आन्दोलनको त्यो क्षण आज पनि स्मरण गर्नुपर्ने अवस्था छ, एकातिर राज्यमा नयाँ संविधानको उद्घोष भईरहेको थियो भने अर्कोतिर सम्पूर्ण मधेश आन्दोलनको तापबाट जलिरहेका थिए। आन्दोलनले उचाई पाईरहेका थिए। सप्तरी, सिरहा, धनुषा, महोत्तरी, बारा, पर्सा, रौतहट, नवलपरासी, सुनसरी, मोरंग जस्ता जिल्लाहरुमा मधेशी जनता मधेशमा रहेका आदीबासी, जनजाति, मुस्लिम, थारु, दलितहरुले आन्दोलनमा कुदिरहेका थिए। जसको फलस्वरुप वार्ताको माध्यमलाई विश्वले उत्तम आन्दोलन व्यवस्थापनको माध्यम मानेको सन्दर्भमा शासक वर्गहरुले वार्तालाई बेवास्ता गरी आन्दोलनलाई दबाउने प्रयास गरे। जसको फलस्वरुप मधेश आक्रान्त बन्दै हजारौं मधेशी जनताहरु घाइते भए, सैयौ मधेशी वीर सपुतहरु सहादत दिए। जसको फलस्वरुप आन्दोलनको उचाईको दिशा समात्न थाले। फेरि एकचोटी शासक वर्गहरुद्वारा वार्ताको नौटंकी प्रक्रियालाई अगाडी बढाएर आन्दोलनलाई समाप्त पार्ने षड्यन्त्र भयो। तर मधेश आन्दोलनको जनादेश र मर्मलाई अहिलेसम्म नत शासक वर्गले नत सरकारले बुझेका छन्। मधेश आन्दोलनका प्रमुख एजेन्डा संविधान संशोधन रहेकोले संविधान संशोधन गर्न सरकारले तथा सातापक्ष शासक वर्गहरु हालसम्म कुनै किसिमको चासो र तदरुपता नदेखाएको प्रति मधेशी जनताहरु फेरि आक्रोशित बन्दै गईरहेको अवस्थामा अर्को आन्दोलनको सुरुवात हुने वेर नलाग्न भन्न सकिन्न ?

राजपा र समाजवादीको एकता सँगै मधेशले नयाँ उर्जा पाएको अवस्थामा मधेशी जनताहरुबाट मधेश आन्दोलनले गरिएका दिशानिर्देशहरुतिर मधेशी दलका नेताहरु एकतृत भई मनलाई शान्त पारी मधेश अधिकारको सवालहरुमा साता मोहलाई त्याग गरी अगाडी बढ्नुपर्ने देखिन्छ। मधेशमा वैवाहिक अंगीकृत नागरिकताले पार्ने असरहरु प्रति सचेत भई वैवाहिक अंगीकृत नागरिकतालाई संसदबाट पास हुन नदिन सबैले एक ढिका भई सक्रिय सहभागिताको आवश्यकता रहेको छ। केही दिन पहिले अंगीकृत नगारिकताको सवालमा उठिरहेका स्वरहरु प्रधानमन्त्रीको राजीनामा प्रकरणको चलखेलमा मधेशी नेताहरु सुस्तताएको तथा आन्दोलनहरुको स्वरप हेर्न न देख्न नपाएको मधेशी नेता प्रति शंकाको दृष्टिकोणले हेरिहरेका राष्ट्रवादको नाउँमा सधै मधेशी जनताप्रति प्रहार गरिएका शासकीय वर्गका निति एकचोटी फेरी सार्थक सिद्ध हुन लागिरहेको आभाषहरु भइरहेका छन्। सुस्ताएका मधेशी दलका नेताहरु राष्ट्रवादको जालमा शासकीय नीतिको फन्दामा परेका छ।

राष्ट्रवादको परिभाषालाई व्याख्या गर्दा मधेश र मधेशी भन्दा ठूलो राष्ट्रवाद र राष्ट्रवादको भावना कसैसँग नरहेको स्पष्ट देखिन्छ। नेपाल भारतीय सिमामा मधेशी जनताहरुले सिमाको रक्षा गरिरहेको इतिहासले देखाएका छन्। आजसम्म जसले जे सम्झौता भारतबाट गरेको छ। त्यो त्यही शासकीय वर्गको शासन गर्ने नीतिको मतियारहरुले नै गरेका छन्। इतिहासले सुगौली सम्झौता लगायत अन्य सम्झौताहरु ती शासकवर्गहरुले गरेका छन्।

अहिलेको वर्तमान परिवेशमा मधेश आन्दोलनमा होमिएका वीर सपुतहरुको बलिदानीको सम्मानलाई ख्याल गरी वहाँहरुको सहादतलाई सम्मान गरी राजपा र समाजवादी एकताको शंखनाद गरी एकता भई जनता समाजवादी पार्टीको निर्माण भएको तथा जुन उद्देश्यले जनता समाजादी पार्टीले निर्माण भएको छ त्यो अनुरुप आपसमा समझदारी मधेश वाद र मधेशको अधिकार प्रति एकबद्ध भई अगाडी बढ्नु पर्ने अहिलेको अवस्था देखिन्छ। राजपा र समाजवादीको भएको एकता शासकीय वर्गहरुबट सुहाउन नगरिहको देखिन्छ। यस्तो अवस्थामा राष्ट्रवादको नारादिई मधेशी दलहरुलाई गलत किसिमका अप्रतान्त्रिक प्रक्रियाहरुमा छिमेकीहरुसँग सम्बन्धको गाँठोहरुलाई कमजोर पार्न खेलहरु सुरु भई रहेका छन्। यस्ता खेलहरुसँग अहिलेको परिस्थतिमा सावधान रहनपर्ने अवस्थाको सिर्जना गर्नु पर्छ।

मधेशको अधिकारका सवालमा विभेदमा परेका मधेशीहरुको मुक्तिको लागि वैल्पिक पार्टीको रुपमा जनमत पार्टी अर्थात सिके राउत उदय भई सकेको छ। सिके राउत जस्ता प्रखर विद्धान नेतृत्व गरिरहेका जनमत पार्टी पनि आफ्नो लक्ष्य तिर उन्मुख हुनुपर्ने अवस्था रहेको सन्दर्भमा यी तीन मधेशवादी शक्तिहरुको दिशा निर्देश एक ठाउँमा केन्द्रिकृत हुनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। मधेशमा सिके राउत, राजपा, समाजवादीको मिलन विन्दु चाँडै नै होस् भन्ने मधेशी जनताहरुमा अहम भावना रहेको अवस्थामा मधेश आन्दोलनले दिएका जनादेशको सम्मान गर्नु तथा जनादेश अनुसार मधेशको अधिकार प्राप्तिको लागि संविधान संशोधन जस्ता मुद्दाहरुलाई अगाडी बढाउन मधेशी दलहरुले अहिलेको परिस्थितिमा नेतृत्वदायीको भुमिका खेल्नुपर्ने प्रधानमन्त्रीको राजीनामा दिने आशमा अशारत रहेका मधेशी नेताहरु सात्ताको लागि समिकरणहरुमा जुटेको अनुभव हुन थालेका छन्।

# निगमका १४ कर्मचारी कोरोनामुक्त भई घर फिर्ता

काठमाडौं, ४ साउन (रासस)। कोभिड-१९ सङ्क्रमण देखिएका नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) का १४ उडान कर्मचारी सङ्क्रमणमुक्त भएर घर फर्किएका छन्।

विभिन्न मुलुकमा अलपत्र नेपालीको उद्धार उडानमा खटिँदा कोरोना सङक्रमण देखिएका निगमका चार पाइलटसहित १४ जना क्याबिन क्रू मेम्बर उपचारपछि घर फर्किएका हुन्। उनीहरू गत शुक्रबार कोरोनामुक्त भएर घर फर्किसकेको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो।

विदेशमा अलपत्र नेपाली स्वदेश फर्काउनका लागि भएको चार्टर्ड उडानमा संलग्न ती कर्मचारीमा गत असार २२ गते पिसिआर रिपोर्ट पोजेटिभ देखिएको थियो। करीब दुई सातापछि उनीहरूको पुनः पिसिआर परीक्षण गर्दा नेगेटिभ देखिएपछि आ-आफ्नो घर फर्किएको उहाँले बताउनुभयो।

कोरोना सङक्रमण देखिएपछि निगमका उडान कर्मचारीलाई सुरुमा बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालमा दुई दिन र ह्याम्स अस्पतालमा छ दिन राखिएको थियो। देशले खटाएको उद्धार उडानमा साहसिक जिम्मेवारीमा खटिने आफ्ना उडान कर्मचारीप्रति निगमले हार्दिक आभार व्यक्त पनि गरेको छ।

# महामारीबाट बाहिरिँदै गरेको बेलायतबाट के सिक्ने ?

लन्डन, ४ साउन (रासस)।

गत डिसेम्बरको अन्तिम सातामा चीनबाट शुरु भएको कोरोना भाइरस (कोभिड-१९) को महाव्याधिबाट बेलायत बाहिरिन थालेको छ। यो महामारीबाट निकै प्राभावित भएका देशहरूमध्ये बेलायत पनि एक हो। अहिले भने यहाँ यो महामारीको असर निकै कम हुँदै गएको देखिएको छ। बेलायतमा हालसम्म करीब ४६ हजार मानिसको यसै महामारीका कारण मृत्यु भएको छ। हिजोआज भने दिनमा १०० भन्दा कमैको ज्यान जाने गरेको छ। यहाँ महिना दिनअघि सम्म कुनै दिन त एक हजार २०० सम्मको पनि मृत्यु भएको थियो। यहाँ यस महामारीबाट नेपाली पनि हाल सम्म ६७ जनाको मृत्यु भइसकेको छ।

बेलायतमा सरकारले तोकेको बन्दाबन्दी बिस्तारै खुकुलो हुँदैछ भने जनजीवन सतर्कता साथ सामान्यतर्फ उन्मुख भइरहेको छ। बेलायतमा नेपालमा जस्तै वार्षिक रूपमा अर्थात् मनसुनको बेलामा आउने बाढीका लागिसमेत पूर्व तयारीस्वरुप समितिसमेत गठन हुने गरेका छन्। ती समितिहरूको समन्वयात्मक कार्यका कारण जति ठूलो बाढी आए पनि बढीमा १० दिनभित्रै त्यसको व्यवस्थापन गर्ने गरेको पाइएको छ। कोरोना जस्ता महामारी भने यहाँका लागि पनि आकस्मिक नै थियो। यसका लागि पूर्वतयारीको अवस्थामा रहने कुरा भएन। त्यसैले तयारी गर्दागर्दै पनि यहाँ यो महामारीबाट ठूलो सङ्ख्याका नागरिकको ज्यान गयो। तर अझै धेरैको मृत्यु हुन्छ भनिएकामा त्यसलाई रोक्न यहाँको सरकारले निकै ठूलो प्रयत्न गरेको थियो। अहिले गरिएका विश्लेषणहरूमा सरकारले समयमै प्रभावकारी काम गर्न सकेकाले महामारी फैलिन नपाएको र धेरैको ज्यान बचेको बताउने गरिएको छ। यसरी सरकार अरू हजारौँ मृत्यु रोक्न सफल भएको यहाँका वैज्ञानिकहरूको भनाइ छ।

नेपालमा जस्तै बेलायतमा पनि सरकारलाई सल्लाह दिने निकाय छन् र ती सल्लाह र सुझावहरूलाई यहाँको सरकारले ठीक तरिकाले प्रयोग गर्ने गरेको छ। कोरोना देखिएपछि सरकारका स्वास्थ्य सल्लाहकारहरूले बन्दाबन्दी नगरिए दुई लाख पचास हजार मानिसको ज्यान जाने बताएका थिए। शुरुमा यसलाई वास्ता नगरेपछि मृत्यको सङ्ख्या पनि एक्कासि बढ्यो र प्रधानमन्त्रीले पुनः बैठक बोलाएर वैज्ञानिकहरूको सो चेतावनीका बारेमा छलफल पनि गर्नुभयो। त्यसपछि सरकारले २३ मार्चमा बन्दाबन्दीको घोषणा गर्‍यो। बन्दाबन्दी घोषणा गरेलगत्तै जनताका नाममा सरकारले अपिल गरेर यो सङ्कटमा सहयोग गर्न आग्रह पनि गर्‍यो।

जनतालाई सुरक्षित राख्न यहाँको सरकारले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड निकाल्यो। त्यस्तै स्वास्थ क्षेत्रमा काम गरेका पूर्वकर्मचारीहरूलाई सहयोगका लागि आह्वान पनि गर्‍यो। यसरी गरिएको आह्वानमा १० दिनको बीचमा स्वास्थ सेवामा काम गरेर अवकाश पाएका पाँच लाख कर्मचारीले स्वयंसेवकका रूपमा काम गर्न तयार भए। जनताबाट पाएको यो साथले सरकारलाई आत्मबल थपियो। नागरिकबाट साथ पाएपछि सरकारले कसरी काम गर्न सक्छ भन्ने उदाहरण यहाँ राम्रोसँग देख्न सकियो।

कोरोना आएसँगै सरकारले सेना परिचालन गर्‍यो। बेलायती सेनामा गोर्खा सैनिकको पनि ठूलो योगदान छ। यो कोरोनाको समयमा पनि गोर्खा बटालियनको अग्रसरतमा १० दिनमा चार हजार जनासम्म बिरामी राख्न सकिने गरी लन्डनमा नाइटिङ्गल अस्पताल निर्माण भयो। जसमा ५०० वटा आइसियू कक्षसमेत बनाइएको थियो। हाल कोरोनाका बिरामी घटेसँगै यो अस्पताल क्यान्सर अस्पतालका रूपमा रुपान्तर भइसकेको छ। तर नेपालमा भने कोरोना महामारी भित्रिएपछि के कति अस्पताल बने वा भएका अस्पतालहरूको पनि के कस्तो व्यवस्थापन गर्न सकियो भन्ने कुरा हामीले मनन गर्नुपर्दछ।

मार्च २३ देखि बन्दाबन्दीको घोषणा गर्दा बेलायत सरकारसँग मुस्किलले दैनिक तीन हजार जनाको मात्र पिसिआर परीक्षण गर्नसक्ने क्षमता थियो। तर आजको दिनमा ८० हजार एन्टिबडी टेष्टसहित पिसिआर टेष्टको क्षमता दुई लाख ५२ हजार ८४ पुर्‍याइएको छ। यो अर्को महत्वपूर्ण कारण बन्यो कोरोनाको नियन्त्रणका लागि। बेलायतका इङ्ल्यान्ड, स्कटल्यान्ड, नर्दन आयरल्यान्ड, वयल्स सबै ठाउँमा आजको दिनमा आवश्यकता हेरेर घरघरमा किट पठाउने व्यवस्था गरिएको छ भने स्वास्थकर्मीहरूलाई समेत पछिल्लो समयमा विशेष प्राथमिकताका साथ कोरोना परीक्षण गराइएको छ।

कोरोना सङक्रमणलाई फाइदाका रूपमा लिन खोज्ने कतिपय मेडिकल क्षेत्रका संस्थालाई कार्वाहीको दायरासमेत ल्याइएको छ। लन्डनको हार्ली स्ट्रिट भनेको निजी अस्पताल र क्लिनिकहरू भएको ठाउँ हो। कोरोनापछि यहाँको एक क्लिनिकले प्रतिव्यक्ति पिसिआर परीक्षण गरेको ५०० पाउन्डसम्म लिएपछि अनुसन्धान थालियो। उक्त क्लिनिकले बजार भाउभन्दा तीन गुना बढी लिएको देखिएपछि उक्त क्लिनिक बन्द गरी क्लिनिकका मालिकको लाइसेन्स खारेज गरेको सार्वजनिक सूचना सरकारले प्रसारण गरेको थियो। यसले गर्दा यहाँ जनताले बाहिर गएर होइन सरकारले नै टेष्ट किट दिन्छ भनेर कुरे र पाइरहेका पनि छन्। कोरोना देखिएपछि सरकारले स्वास्थ सामग्री खरिद गर्न पनि जतिसक्दो छोटो बाटो अपनाएको थियो। चीनबाट करीब छ लाख पाउन्ड बराबरको किटसमेत गरी अरू मेडिकल सामग्री ल्याउने निर्णय भयो। तर पछि भने उक्त किट गुणस्तरहीन भएको र सुरक्षा मापदण्ड पूरा नगरेको देखिएपछि सम्पूर्ण सामग्री फिर्ता गरेर रकम पनि फिर्ता माग्यो। पछि भने बेलायतको फ्रान्सिस क्रिक इन्स्टिच्युटमा आबद्ध वैज्ञानिक डा चाल्स स्वोटनको समूहले पिसिआर टेष्ट किट बनाउन थाल्यो। जसका कारण अहिले यहाँ किटको अभाव छैन। तर नेपालमा भने लामो समयसम्म पनि स्वास्थ्य सामग्री खरिदका विषयमा लामो समयदेखि ने अलमल देखिएको थियो। हामीले किट बनाउने कुरा त कल्पना बाहिरको कुरा रह्यो तर खरिद गर्नसमेत समयमा सकेनौँ।

कोरोना देखिएपछि स्वास्थ्यसँग सरोकार राख्ने अधिकांश सङ्घसंस्थाले अध्ययन अनुसन्धान थाले र यसका कारण कुन ठाउँमा कुन गतिमा यो सङ्क्रमण फैलिन्छ भन्ने तालिका नै प्रकाशन गरेर। त्यो अनुमानले सरकार तथा नागरिकलाई पनि सोही अनुसारको सावधानी अपनाउन भनियो र सजिलो पनि भयो। बन्दाबन्दीको घोषणा भएकै दिनदेखि अधिकांशले सरकारले भनेबमोजिम मात्र आवतजावत गरे। नागरिकले सरकारको आदेशको पूर्णतया पालना गरे। अत्यावश्यकबाहेक बाहिर नहिँड्न भनेपछि बेलायतीहरू निकै सावधानीका साथ बाहिर निस्के। बिनाकारण निस्कनेहरूलाई प्रहरीले ठूलो रकम जरिवाना तिरायो। स्कुल कलेज अझै पूर्णरूपमा खुलेका छैनन् तर जहाँ थोरै मात्रामा खुलेका छन् त्यहाँ अभिभावकहरूको मत बुझेर सर्भेका आधारमा खुला गरिएको हो। अधिकांश अभिभावकहरू बालबालिका पठाउन अनिच्छुक देखिएका कारण विद्यालय खोल्न पनि हतार गरिएन।

कोरोनाका कारण रोजगारी गुमाउनु परेका नागरिकलाई उनीहरूले खाइपाइ आएको तलबको ८० प्रतिशत राहात रकम दिने घोषणा सरकारले गर्‍यो। यसका कारण पनि नागरिकलाई बाहिर निस्कन त्यति हतार गर्नुपरेन। तर अत्यावश्यकलाई भने सरकारको रोकतोक थिएन। साथै बैंकहरूले घरजग्गा किन्दा दिँदै आएको मासिक किस्ता तीन महिनाका लागि तिर्न नपर्ने भनेर सरकारले घोषणा गरिदियो। यसका कारण आर्थिक सङ्कटको महसुस पनि कम हुन गयो। जसले गर्दा सामाजिक दुरी लगायतका सावधानी प्रभावकारी बन्यो।

कोरोनाको रोकथामका लागि बेलायतमा खोपको विकास भइसकेको छ। तीन हप्ताअघि खोपको परीक्षण समेत भएको थियो। जसले भ्यान्टिलेटरमा रहेका विरामीलाई ४० प्रतिशत र अन्यलाई साठी प्रतिशत काम गरेको जानकारी दिइएको छ। यसलाई अब क्लिनिकल्ली अनुमोदन गर्न बाँकी छ। सम्भवतः दुई तीन हप्तामा यो प्रक्रिया पनि पुरा भइ बजारमा आउने अनुमान गरिएको छ। बताइएअनुसार सात दिनका लागि बनाइएको डोज (मात्रा) का लागि प्रत्येक दिन पाँच पाउण्ड लाग्ने र एक हप्तामा ३५ पाउण्ड पर्ने छ। जसको नेपाली मूल्य केवल पाँच हजार पर्ने देखिन्छ।

जनस्तरबाट ठूलो सहयोग भएका कारण पनि कोरोना सोचेभन्दा छिटो काबुमा आएको यहाँका सरकारी अधिकारी र वैज्ञानिकहरूको भनाई छ। सरकारले गर्न खोजेका धेरै काम थिए तर आर्थिक हिसाबले अलि कठिन हुन पुगेको यस क्षेत्रका अधिकार बताउँछन्। तर जनता आफैँ सरकारका लागि सहयोग जुटाउन लागि परे। जस्तो कि यहाँका एकजना ९२ वर्षिय बेलायती सेनाका पूर्व अधिकारी टम मुरले यहाँको स्वास्थ संस्थाका लागि बन्दाबन्दीका बेला आफ्नै घरको बगौंचामा दैनिक हिँडेर २९ मिलियन पाउण्ड रकम उठाए। जुन रकम १० दिनमा बनेको नाइटिङ्गल अस्पतालका लागि खर्च गरियो। टमकै प्रभावबाट सयौँले थोरै धेरै पैसा उठाएर स्थानीय र केन्द्रीय अस्पताललाई सहयोग गरेका थिए।

यस्तै यहाँका निजी अस्पतालहरूले पनि सरकारलाई सहयोग गरे। निजी अस्पतालहरूले आफ्ना ८०० वटा वेड सरकारलाई प्रयोग गर्न दिए। उनीहरूले बेड मात्रै नभएर सो अस्पतालमा भएका सबै उपकरण समेत दिए। यतिमात्र होइन बेलायतका अस्पतालमा यहाँका रेष्टुरेण्ट व्यवसायी तथा अन्य ठूला उद्योगले निःशुल्क खाना र कपडा समेत दिएका छन्। हरेकहप्ता जसो प्रत्येक विहीबार साँझ ८ बजे स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीको हौसला बढाउन घरबाट बाहिर निस्केर एक मिनेट ताली बजाउने काम पनि लण्डनमा सबैतिर भएको थियो। बन्दाबन्दी भएलगत्तै सरकारले उद्योगपतिहरूलाई बोलाएर अस्पतालका लागि अत्यावश्यक औजार, भ्यान्टिलेटर र पिपिई उत्पादक गरिदिन अनुरोध गर्‍यो। उनीहरूले सरकारको सो आग्रहलाई माने र उत्पादन बढाए। त्यसै अनुरुप उत्पादन थपिँदै गएको छ। हाल बजारमा आएका कमसल खालका कुनै पनि पिपिई प्रयोग नगर्न साथै अनलाइनमा पाइने सस्ता मास्कहरू पनि प्रयोग नगर्न अनुरोध गरिएको छ भने अस्पतालमा पुग्ने सबैलाई शुरुमा निःशुल्क मास्क दिएर मात्र अस्पताल प्रवेश गर्न दिइएको छ।

समग्रमा बेलायतमा यो महामारीमा जनस्तरबाट व्यापक सहयोग भयो भने सरकारले पनि गर्नसक्ने जति काम बेलैमा गर्‍यो। अझै पनि सरकारले गर्न सक्ने काममा थोरै ढिला भएको महसुस यहाँका नागरिकले गरेका छन् र आगामी दिनमा पनि यस्तै महामारीको सामना गर्नुपर्ने अवस्था आयो भने त्यसका लागि यो अवस्थालाई पाठका रूपमा लिन नागरिकले दिएका सुझावलाई सरकारले सहजै ग्रहण गरिरहेको जनाएको छ। यहाँको विपक्षी राजनीतिक दलले पनि यो महामारीलाई राजनैतिक रूपमा नभएर सरकारलाई कसरी सहयोग गर्न सकिन्छ भनेर हेर्‍यो र सह्यो पनि गर्‍यो। तर नेपालमा भने कोरोनाका सङ्क्रमितहरूका साथै यसबाट मृत्यु हुनेको सङ्ख्या बढदो देखिएको छ। नेपालमा अस्पताल तथा क्वारेन्टिनमा कोरोना भाइरसका सङ्क्रमितहरू रहेका छन्। त्यसैले पनि हामी नेपालीहरूले विश्वका अरु देशले कोरोना भाइरसलाई के कसरी जिते भन्ने बारेमा उनीहरूका अनुभवहरू लिन सकिन्छ। महामारीका सङ्क्रमित र मृत्यको सङ्ख्या प्रतिदिन बढ्दै गएको नेपालमा बेलायतले गरेका यी माथिका केही कार्यहरूबाट धेरै सिक्न सकिने देखिन्छ।

## विश्व समाचार

### विश्वभर कोभिड-१९ संक्रमित ६ लाखभन्दा बढीको मृत्यु

पेरिस, ४ साउन (रासस/एएफपी)।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाभाइरसका कारण अहिलेसम्म मृत्यु भएकाहरुको संख्या छ लाख नाघेको छ।

अधिकारीहरुले दिएको जानकारी अनुसार आइतबारसम्म विश्वभरी कुल मृतकको संख्या छ लाख ५२३ पुगेको छ।

त्यसैगरी विश्वभरी कोरोनाभाइरसबाट संक्रमित भएकाहरुको संख्या एक करोड ४२ लाख ३३ हजार ३५५ रहेको छ। मृतकमध्ये दुई लाख पाँच हजार ६५ जना युरोपेली मुलुकका रहेका छन्। युरोपेली देशहरु कोरोनाभाइरसबाट धेरै प्रभावित भएका देशहरुमा पर्दछन्।

त्यसैगरी दोस्रो धेरै प्रभावित क्षेत्र ल्याटिन अमेरिका हो। त्यस क्षेत्रमा पनि कोरोनाका कारण अहिलेसम्म एक लाख ६० हजार ७२६ जनाको मृत्यु भएको छ।

देशअनुसार हेर्दा सवैभन्दा धेरै मानवीय क्षति अमेरिकामा भएको छ। पछिल्लो विवरण अनुसार अमेरिकामा मात्रै एक लाख ४० हजार १०३ जनाको मृत्यु भएको छ।

त्यसैगरी दोस्रो धेरै मानवीय क्षति ब्यहोरेको ब्राजिलमा ७८ हजार ७७२ जनाको मृत्यु भएको छ भने तेस्रो धेरै मानिसको मृत्यु भएको बेलायतमा ४५ हजार २७३, मेक्सिकोमा ३८ हजार ८८८ र इटलीमा ३५ हजार ४२ जनाले जीवन गुमाएका छन्। अमेरिकामा संक्रमितको संख्या ३७ लाख छ हजार ९२७ पुगेको छ भने ब्राजिलमा पछिल्लो २४ घण्टामा ९२१ जना संक्रमित थपिएका छन्।

### भारतमा २४ घण्टाभित्र करिब ३९ हजार संक्रमित, ५४३ को मृत्यु

नयाँ दिल्ली, ४ साउन (रासस/एएनआई)।

भारतमा विगत २४ घण्टामा अहिलेसम्मकै धेरै ३८ हजार ९०२ व्यक्तिमा कोभिड-१९ संक्रमण पुष्टि भएको संघीय स्वास्थ्य मन्त्रालय तथा परिवार कल्याण मन्त्रालयले आइतबार जानकारी गराएको छ।

योसँगै भारतमा कोभिड-१९ संक्रमितको कूल संख्या १० लाख ७७ हजार ६१८ पुगेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

विगत २४ घण्टामा कोभिड-१९ संक्रमित ५४३ विरामीको मृत्यु भएसँगै यो महामारीका कारण भारतमा मृत्यु हुनेको संख्या २६ हजार ८१६ पुगेको मन्त्रालयले पुष्टि गरेको छ।

भारतमा आइतबारसम्म निकोभई घर फर्किने कोभिड-१९ संक्रमित विरामीको संख्या छ लाख ७७ हजार ४२३ पुगेको छ भने अझै तीन लाख ७३ हजार ३७९ व्यक्ति संक्रमित रहेका छन्।

सबैभन्दा बढी प्रभावित भारतीय राज्य महाराष्ट्रमा शनिबारसम्म तीन लाख ९३७ जनामा कोरोनाभाइरस संक्रमण पुष्टि भएको छ।

भारतीय चिकित्सा अनुसन्धान परिषद् (आईसीएमआर) का अनुसार जुलाई १८ सम्म भारतमा कोभिड-१९ संक्रमण परीक्षणका लागि एक करोड ३४ लाख ३३ हजार ७४२ नमूना परीक्षण गरिएको छ भने यसमध्ये शनिबार तीन लाख ६१ हजार २४ व्यक्तिको कोभिड-१९ संक्रमण पुष्टि भएको छ।

### अफगानिस्तानमा जिल्ला प्रहरी प्रमुखसहित चार प्रहरी मारिए

शरान, ४ साउन (रासस/सिन्ह्)।

अफगानिस्तानमा भएको बम विस्फोटनमा परी जिल्ला प्रहरी प्रमुखसहित चार प्रहरी मारिएका छन्। देशको पाक्तिका प्रान्तमा पर्ने सारोबीमा शनिबार राति घटना भएको अधिकारीहरुले आइतबार जानकारी दिएका छन्।

प्रान्तीय प्रहरी प्रवक्ताशाह मोहम्मद अरिनले सिन्ह्वालाई भन्नुभयो, "सारोबीका जिल्ला प्रहरी प्रमुख डार्या खान तलाश र अन्य तीन जना प्रहरीको शनिबार राती भएको विस्फोटनको घटनामा परी मृत्यु भएको छ।"

उहाँका अनुसार विस्फोटनमा परेर प्रहरीले प्रयोग गरेको एउटा सवारी साधन पनि ध्वस्त भएको छ। प्रहरी अधिकारीहरुले आफ्नो जिम्मेवारी निर्वाह गर्नेक्रममा दुर्घटनामा परेको उहाँको भनाइ छ।

### बेइजिङमा थपिएनन् नयाँ संक्रमित, देशभरी १६ जना मात्र भेटिए

बेइजिङ, ४ साउन (रासस/सिन्ह्)।

चीनको राजधानी बेइजिङमा शनिबार कोरोनाभाइरसबाट संक्रमणका कुनै पनि विरामी नथपिएको अधिकारीहरुले जनाएका छन्।

स्थानीय अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार निरन्तर पछिल्लो १३ दिनमा कुनै पनि संक्रमित थपिएको छैन।

"पछिल्लो १३ दिनसम्ममा बेइजिङ्मा कुनै पनि नयाँ सङ्क्मित भेटिएका छैनन् भने शनिबार १३ जना संक्रमितहरु संक्रमणमुक्त भएका छन्," एक अधिकारीले भने।

यसैबीच चीनमा देशभरी पछिल्लो२४ घण्टामा १६ जना मात्र संक्रमित भेटिएका छन्। तीमध्ये १३ जना आन्तरिकरूपमा संक्रमित हुन् भने अरु अन्य ठाउँबाट आएका संक्रमित हुन्।

जोन हकिन्स विश्वविद्यालयले दिएको जानकारी अनुसार विश्वभरी अहिलेसम्म एक करोड ४२ लाख ४१ हजारभन्दाबढी मानिस कोरोना भाइरसबाट संक्रमित भएका छन्। त्यसैगरी कोरोनाभाइरसकै कारण विश्वभरी अहिलेसम्म छ लाख एक हजार ४५५ जनाको मृत्यु भएको पनि विश्वविद्यालयले जनाएको छ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्री एक बृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका १ भारदहमा मोटरसाइकलको ठक्करबाट एक बृद्धाको मृत्यु भएको छ ।

भारदहस्थित कंकालनी मन्दिर अगाडी शनिबार स.१प. २९४८ नं. को मोटरसाइकलले पैदल यात्री सुनसरीको कप्तानगंज गाउँपालिका २ निवासी ६५ वर्षिया बुधनीदेवी रामलाई ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भिर घाइते भएकी रामलाई उपचारका लागि नोबेल अस्पताल बिराटनगर पठाइएकोमा उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता ठक्कर दिने मोटरसाइकल र चालक सिरहा गोलबजार नगरपालिका ४ निवासी २१ वर्षिय मिथलेश साहलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# अबैध घरेलु मदिरा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

सप्तरीको सुरुङ्गा नगरपालिका लक्ष्मिपुरबाट प्रहरीले विभिन्न पसलबाट अवैध घरेलु मदिरा बरामद गरेको छ ।

गोप्य सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय भेडिया र प्रहरी चौकी लक्ष्मिपुरबाट खटिएको प्रहरी टोलीले सोहि स्थानका विभिन्न पसलमा चेक जाँच गर्ने क्रममा ४० लिटर अबैध तयारी घरेलु मदिरा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बरामद गरिएको उक्त मदिरा स्थानीय प्रतिनिधि लगायत स्थानियको रोहबरमा नष्ट गरिएको छ । त्यस्तै राजबिराज नगरपालिका वडा नं ७ रुपनी मोड स्थितबाटप्रहरीले ३५ लिटर तयारी घरेलु मदिरा समेत बरामद गरेको जनाएको छ ।

# ट्र्याक्टर दुर्घटना हुँदा सातको मृत्यु

प्युठान, ४ साउन (रासस) ।

प्युठानको स्वर्गद्वारी नगरपालिका ३ रुमालेमा शनिबाररराति ट्याक्टर दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छ । साउने सङ्क्रान्ति मानेर स्वर्गद्वारी धरमपानीबाट भिङ्ग्रीतर्फ आउँदै गरेको लु२च ४२३४ नं ट्र्याक्टर दुर्घटना भएको थियो ।

मृत्यु हुनेहरुमा भिग्री-स्वर्गद्वारी सडकखण्डमा काम गर्ने रोल्पा रुन्टिगढी गाउँपालिका-५ बाइजाका २१ वर्षीय सागर बस्नेत, २४ वर्षीय रिमबहादुर बस्नेत, १९ वर्षीय वीरेन्द्र बाठामगर, १९ वर्षीय थमन बाठामगर, २५ वर्षीय कविराम बस्नेत र गोबर्द्धन बुढामगरको मुत्यु भएको जिल्ला प्रहरी कार्यालय प्युठानका सूचना अधिकारी प्रहरी निरीक्षक विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो ।

ट्र्याक्टर दुर्घटनामा परी चालक त्रिवेणी गाउँपालिकाका रोल्पाका २५ वर्षीय कमल कुँवरको पनि मृत्यु भएको उहाँले बताउनुभयो ।

ट्र्याक्टरमा आठ जना सवारमध्ये एक ट्र्याक्टरबाट हामफलेर बाँच्न सफल भएको जनाइएको छ । सडकबाट करिब ५०० मिटर तल खसेको छ । शव आफन्तलाई बुझाउने तयारी भएको प्रहरी निरीक्षक पौडेलले बताउनुभयो ।

## *प्रधानमन्त्रीको ...*

आस्थाको केन्द्र रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

जारि विज्ञप्तिमा अभिव्यक्तिको घोर भर्त्सना गर्दै अभिव्यक्तिले भारत र नेपालबीचको वर्षौदेखी पुरानो सुमधुर सम्बन्धमा आँच आउन सक्ने भन्दै जिल्ला समितिले अब उप्रान्त यस्ता तथ्यहीन कुराहरु नगर्न नगराउन अपिल समेत गरेको छ ।

# स्थानिय स्तरबाट छुटेको बिपन्नलाई राहत



**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

लकडाउनको समयमा स्थानिय तहबाट छुटेको बिपन्न, गरिव परिवारलाई आइतबार राहत बितरण गरिएको छ ।

सप्तरीको बिभिन्न स्थानियका गरिव, बिपन्न, अतिगरिव १ सय परिवारलाई एभि न्युजको पहलमा सो राहत बितरण गरिएको सो सम्वाददता बैधनाथ यादबले बताए ।

कोरोना कहर कार्यक्रम मार्फत सप्तरीका विभिन्न बिपन्न समुदायले फोन गरेर आफ्नो समस्या बताएपछि सो टिभिको पहलमा २५ किलो चामल, दुई किलो दाल, एक लिटर तेल र एक किलो नुन राहतमा बितरण गरिएको उनले बताए ।

जिल्लाको तिलाठी कोईलाडी गाउपालिका वडा नम्वर ८ का १५ जना, वडा ६ का १५ जना, राजबिराज नगरपालिका २ का १० जना र वडा न सं. १६ का ७० गरी १ सय जनालाई राहत बितरण गरिएको हो ।

कृष्ण प्रणामी समाज, नवदुर्गा भेन्यु सुकेधारा, नेपाल अटोबर्क ब्यबसायी सँघ लगायतका संस्थाको सहयोगमा राहत बितरण गरिएको स्थानिय समन्वयकर्ता शिक्षक राजकुमार यादबले जानकारी दिए ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*